नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०७३।०७।१६

## प्रेस विज्ञप्ति

संयुक्त राष्ट्रसंघीय विपद् जोखिम न्यूनीकरण कार्यालयको साझेदारीमा भारत सरकारद्वारा यही कार्तिक १७ गतेदेखि २० गते (तदनुसार नोभेम्बर २-५ तारेख) सम्म आयोजना हुने एशियन राष्ट्रहरुको गृह मन्त्रीस्तरीय " विपद् जोखिम न्यूनीकरण सम्मेलन " मा भाग लिन नेपालको तर्फबाट माननीय उप-प्रधान तथा गृहमन्त्री श्री विमलेन्द्र निधिज्यू नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै आज मिति २०७३।७।१६ गते भारतको राजधानी नयाँ दिल्ली जानुभएको छ ।

भारतीय प्रधानमन्त्री महामहिम श्री नरेन्द्र मोदीद्वारा समुदघाटन हुन उक्त सम्मेलनले एशियनस्तरीय क्षेत्रीय योजना निर्माण गर्ने छ र उक्त योजना Sendai Framework 2015-2030 कार्यान्वयन गर्ने साधन (Instrument) को रुपमा रहनेछ । यस्तो सम्मेलन प्रत्येक २ वर्षमा एशियन देशहरुमा आयोजना हुने गरेको छ ।

माननीय उप-प्रधान तथा गृहमन्त्री श्री विमलेन्द्र निधिज्यू सम्मेलनमा सरिक हुनुभई मिति २०७३।७।१८ गते स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

(बालकृष्ण पन्थी)

प्रवक्ता